गण्डकी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्या : ०८२/८२

चलानी नं.: २२८

मितिः २०८२/०८/०४

विषयः खारेजी र मर्ज भएका कार्यालयको बजेट कार्यान्वयन सम्वन्धमा।

प्रिय सहकारीज्यू,

गण्डकी प्रदेश सरकारको मिति २०८२/०४/२६ र मिति २०८२/०५/१५को बैठकको निर्णयानुसार गण्डकी प्रदेश सरकारका मर्ज र खारेजी भएका कार्यालयको बजेट कार्यान्वयनमा आवश्यक व्यवस्थापन गर्न गण्डकी प्रदेश सरकारको मिति २०८२/०७/२५ को निर्णयानुसार खारेजी र मर्ज भएका कार्यालयहरुको बजेट कार्यान्वयनमा एकरुपता, पारदर्शीता र मितव्ययीता कायम गर्नको लागि देहाय अनुसार कार्यान्वयन गर्नुहुन अनुरोध गर्दछु।

देहायः

१. एकीकृत सेवा कार्यालयको हकमा चालु आर्थिक वर्ष २०८२/८३ का लागि PLMBIS मा विनियोजित बजेटको कार्यालय कोड छुट्टाछुट्टै भएकोले साविककै कार्यालय कोड बमोजिम छुट्टाछुट्टै स्रेस्ता राख्ने। तर चालु खर्च तर्फको बजेट उपशीर्षकको हकमा साबिकका कार्यालयका चालु तर्फका बजेट उपशीर्षकहरूमध्ये कुनै एक कार्यालयको बजेट उपशीर्षक पूर्ण रूपमा सञ्चालन गर्ने र अर्को कार्यालयको उपशीर्षकमा (चालु तर्फको) सम्बन्धित मन्त्रालयहरूसँगको समन्वयमा आर्थिक मामिला मन्त्रालयले तलव भत्ताका खर्च शिर्षकहरू रोक्का राख्ने।

२. खारेजीमा गएका कार्यालयहरूको हकमा चालुतर्फको बजेट उपशीर्षक अन्तर्गतका खर्च शीर्षकहरू २२५२२, २६४१२, २६४१३, २६४२१, २६४२२, २६४२३ बाहेक अन्य खर्च शीर्षक आर्थिक मामिला मन्त्रालयले सम्बन्धित मन्त्रालयको सिफारिशमा लक (Lock) गर्ने। माथि उल्लिखित खर्च शीर्षक एवम् पूँजीगत खर्च तर्फका कार्यक्रमको हकमा सम्बन्धित मन्त्रालयको सिफारिशमा आवश्यकता अनुसार आर्थिक मामिला मन्त्रालयले सम्बन्धित कार्यालयमा बजेट तथा कार्यक्रम स्थानान्तरण गर्न सक्नेछ । साथै खारेज भएका निकायको सम्पत्ति र दायित्व सम्बन्धित निकायमा सारी सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. साविकमा एउटै मन्त्रालय मातहत रही मर्जरमा गएका कार्यालयहरूको हकमा मर्ज भएका निकायहरूमध्ये आर्थिक मामिला मन्त्रालयसँगको समन्वयमा कुनै एकको चालुतर्फको बजेट उपशीर्षक पूर्ण रूपमा प्रयोग गर्ने। अर्को कार्यालयको उपशीर्षकमा (चालु तर्फको) सम्बन्धित मन्त्रालयको समन्वयमा आर्थिक मामिला मन्त्रालयले तलव भत्ताका खर्च शिर्षकहरू रोक्का राखे। पूँजीगत खर्च तर्फका उपशीर्षकका हकमा मर्जर पश्चात नयाँ बनेको कार्यालय मार्फत खर्च गर्ने ।

४. एकीकृत सेवा कार्यालयहरूले सामाजिक विकास तर्फका कार्यक्रमहरूसँग सम्बन्धित विषयको प्रतिवेदन तथा पत्राचार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयमा र पर्यटन तथा उद्योग तर्फका कार्यक्रमहरूसँग सम्बन्धित विषयको प्रतिवेदन तथा पत्राचार उद्योग तथा पर्यटन मन्त्रालयमा गर्ने।

५. खारेजी र मर्जर गएका कार्यालयहरूले कार्यान्वयन गर्दै आइरहेका संघीय सशर्त अनुदान तर्फको (बजेट उपशीर्षक) बजेट तथा कार्यक्रम खारेजी एवम् मर्जर पचात उक्त कार्यक्रमहरू हस्तान्तरण भएको निकायले सञ्चालन गर्ने।

६. गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०७/११ गतेको निर्णयबाट कन्टिजेन्सी रकमको सीमा घटाई एक करोडसम्मको आयोजनामा तीन प्रतिशतसम्म र सो भन्दा बढीका निर्माण आयोजनामा दुई प्रतिशतसम्म कायम गरिएकोमा बजेट तथा कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ को दफा ९ बमोजिम नै कट्टा गर्ने र सो रकमबाट लागत अनुमानको एक प्रतिशत रकम प्रदेश सञ्चित कोषमा रहने व्यवस्था गर्ने ।

श्रीमान प्रदेश सचिवज्यू,
मन्त्रालय/ निकाय सबै, गण्डकी प्रदेश।
बोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश।

(इन्द्र प्रसाद बस्याल)
प्रदेश सचिव